कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१२ | वि.सं. २०८१ फागुन २१ बुधवार | नेपाल संवत: ११४५, फागुन शुक्ल षष्ठी | Wednesday 5 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## १० औं राष्ट्रिय खेलको मिति नसार्न मुख्यमन्त्रीको आग्रह

**युग संवाददाता**
**सुर्खेत, २० फागुन ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति नसार्न राष्ट्रिय खेलकुद परिषदलाई आग्रह गरेका छन् । दशौं राष्टिय खेलकुद प्रतियोगिता मूल आयोजक समितिको मंगलबार काठमाण्डौंमा सम्पन्न बैठकमा मुख्यमन्त्री कँडेलले पटक पटक मिति सार्ने कामले प्रतियोगितालाई अन्यौल बनाउने र जनविश्वास गुम्ने हुँदा अब मिति सार्ने काम नगर्न खेलकुद परिषदलाई आग्रह गरेका हुन ।

राष्ट्रिय खेलकुद परिषदले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता जेठ २ देखी १० सम्मको मिति तय गरेको छ । पटक पटक मिति सरे पछि आजको बैठकमा मुख्यमन्त्री कँडेलले जेठ भन्दा पर जान नसकिने धारणा राखेका हुन । मुख्यमन्त्री कँडेलले भने, 'अहिलेको प्रस्तावित मिति त्यति अनुकूल होइन तर त्यो भन्दा पर जान सक्ने स्थिति छैन । अविश्वासिलो बन्ने परिस्थिती म देख्छु ।'

बाँकी ४ पेजमा

### कर्णालीमा एसईईको तयारी पुरा

# एक सय ८० केन्द्रबाट ३७ हजार विद्यार्थी सहभागी हुँदै

**ओम शाही**
**सुर्खेत, २० फागुन ।**

कर्णाली प्रदेशमा यो वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) को तयारी पुरा भएको छ । शिक्षा विकास निर्देशनालय सुर्खेतका अनुसार परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने उत्तर पुस्तिका, परिक्षा केन्द्र, परीक्षामा खटिने जनशक्ति व्यवस्थापन लगायतका काम सम्पन्न भएका छन् ।

परीक्षाका लागि आवश्यक पर्ने सामाग्रीहरु सम्बन्धित जिल्लामा पठाइएको छ । जिल्लाबाट केन्द्राध्यक्ष तोक्ने बाहेकका सम्पूर्ण तयारी पुरा भइसकेको शिक्षा विकास निर्देशनालय सुर्खेतका निमित्त निर्देशक दिपा हमालले जानकारी दिइन । परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरले सार्वजनिक गरेको तालिका अनुसार एसईई परीक्षा आगामी ७ चैतबाट सुरु हुनेछ । पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने छ ।

यस दिन संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरासातर्फ अनिवार्य अरेविक भाषाको परीक्षा हुनेछ । दोस्रो दिन चैत ८ गते अनिवार्य नेपाली विषयको परीक्षा हुने छ । यस दिन गैरनेपाली विद्यार्थीहरुका लागि अंग्रेजी (इलेक्टिभ इङ्गलिस) को परीक्षा हुनेछ । चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान विषयको परीक्षा हुने परीक्षा नियन्त्रण




कार्यालयको तालिकामा उल्लेख छ ।

यस वर्षको एसईई परीक्षामा कर्णाली प्रदेशबाट ३७ हजार नौ सय ११ विद्यार्थी सहभागी हुनेछन् । जसमा नियमिततर्फ ३१ हजार आठ सय चार, ग्रेडबृद्धितर्फ ६ हजार एक सय सात र प्राविधिकतर्फ एक हजार तीन सय ४२ विद्यार्थी छन् । शिक्षा विकास निर्देशनालयले उपलब्ध गराएको तथ्यांक अनुसार यस वर्ष कर्णालीमा एसईई दिने विद्यार्थीको संख्यामा बृद्धि भएको छ । गत वर्ष कर्णालीबाट ३५ हजार आठ सय आठ विद्यार्थी एसईईमा सहभागी भएका थिए । यो वर्ष झण्डै दुई हजार विद्यार्थीको संख्यामा बृद्धि भएको देखिन्छ ।

एसईई परीक्षामा प्रदेशभर एक सय ८० परीक्षा केन्द्र तोकिएको निर्देशक हमालले बताइन । जसमा प्राविधिक धारतर्फ १६ वटा परीक्षा केन्द्र तोकिएका छन् । कर्णालीमा यस वर्षको एसईई परिक्षा सञ्चालन गर्न एक करोड ३९ लाख ३० हजार पाँच सय रुपैयाँ खर्च हुनेछ ।

### कर्णालीमा कुन जिल्लाबाट कति विद्यार्थी ?

कर्णालीका १० जिल्ला मध्ये एसईईमा सबैभन्दा धेरै विद्यार्थी सुर्खेतबाट सहभागी हुँदैछन् । सुर्खेतबाट नौ हजार पाँच सय १३ विद्यार्थीले एसईई परीक्षा दिनेछन् । जसमा ३३ परीक्षा केन्द्रबाट सात हजार ५७ र ग्रेडबृद्धितर्फ दुई हजार चार सय ५६ विद्यार्थी छन् । सुर्खेतबाट यस वर्ष एक सय ३० विद्यार्थीले प्राविधिक एसईई दिनेछन् ।

त्यस्तै, रुकुम पश्चिममा १५ परीक्षा केन्द्रबाट तीन हजार ६ सय ६८ विद्यार्थी एसईई परीक्षामा सहभागी हुनेछन् । जसमा नियमिततर्फ तीन हजार चार सय ४४ र ग्रेडबृद्धितर्फ दुई सय २४ जना विद्यार्थी छन् । रुकुम पश्चिमबाट एक सय ६ जनाले प्राविधिकतर्फको परीक्षा दिनेछन् । सल्यानमा २३ परीक्षा केन्द्रबाट चार हजार दुई सय ६९ विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् । नियमिततर्फ चार हजार ८५ र ग्रेडबृद्धितर्फ एक सय ८४ विद्यार्थी रहेका छन् । सल्यानमा दुई सय ७१ जनाले प्राविधिकधारतर्फको एईई परीक्षा दिनेछन् ।

हुम्लामा सात वटा परीक्षा केन्द्रहरु तोकिएका छन् । हुम्लाबाट यस वर्ष एक हजार एक सय चार जनाले एसईई परीक्षा दिदैछन् । जसमा नियमिततर्फ नौ सय ५० र ग्रेडबृद्धितर्फ एक सय ५४ विद्यार्थी छन् । आठ वटा परीक्षा केन्द्र रहेको मुगुबाट नौ सय ४६ जना विद्यार्थी एसईईमा सहभागी हुँदैछन् । जसमा नियमिततर्फ सात सय ८५ र ग्रेडबृद्धितर्फ एक सय ६१ छन् । मुगुबाट प्राविधिकधारतर्फको परीक्षामा ५७ विद्यार्थीले परीक्षा दिनेछन् ।

डोल्पामा सात सय ७७ विद्यार्थी एसईईमा सहभागी हुँदैछन् । कुल चार परीक्षा केन्द्र रहेको डोल्पामा सात सय ३३ नियमित र ४४ ग्रेडबृद्धिका विद्यार्थीले परीक्षा दिनेछन् । डोल्पाबाट एक सय ६५ विद्यार्थी प्राविधिकधारतर्फको परीक्षामा सहभागी हुनेछन् । त्यस्तै, २५ वटा परीक्षा केन्द्र रहेको कालिकोटबाट चार हजार ८९ विद्यार्थी एसईई परीक्षामा सहभागी हुनेछन् । जसमा तीन हजार

बाँकी ३ पेजमा

## एमयुको तेस्रो दीक्षान्त समारोह शुक्रबार हुँदै, प्रधानमन्त्री आउने




**युग संवाददाता**
**सुर्खेत, २० फागुन ।**

मध्यपश्चिम विश्वविद्यालयले आफ्नो तेस्रो दीक्षान्त समारोह आगामी फागुन २३ गते शुक्रबार सुर्खेतस्थित केन्द्रीय प्रशासनिक भवन परिसरमा आयोजना गरिने भएको छ । विश्वविद्यालयले सोमबार पत्रकार सम्मेलन गर्दै मध्यपश्चिम विश्वविद्यालयले आफ्नो तेस्रो दीक्षान्त समारोह फागुन २३ गते शुक्रबार बिहान ११ बजे सुर्खेतस्थित केन्द्रीय प्रशासनिक भवन परिसर, कुइनेपानीमा गर्ने जनाएको छ ।

वि.सं. २०६७ मा स्थापना भएको विश्वविद्यालयमा हाल ३ हजार ८४१ जना विद्यार्थीलाई अध्ययनरत छन् । तीमध्ये ८ सय ८५ जना विद्यार्थीले दीक्षान्त समारोहमा प्रत्यक्ष रूपमा सहभागिता जनाउनेछन् । विभिन्न संकायका स्नातक, स्नातकोत्तर, दर्शनाचार्य तथा विद्यावारिधि तहका विद्यार्थीलाई दीक्षित गरिनेछ ।

दीक्षान्त समारोहमा प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीको अध्यक्षता रहनेछ । साथै, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री तथा विश्वविद्यालयका सहकुलपति विद्या भट्टराईको समुपस्थितिमा कार्यक्रम सम्पन्न हुने विश्वविद्यालयले जानकारी दिएको छ ।

यस समारोहमा सिक्किम केन्द्रीय विश्वविद्यालयका संस्थापक उपकुलपति तथा जवाहरलाल नेहरु विश्वविद्यालय भारतका प्रा. डा. महेन्द्र पी. लामा अतिथिका रूपमा उपस्थित रहनेछन् । दीक्षान्त समारोहमा उत्कृष्ट विद्यार्थीहरूलाई विशेष सम्मान प्रदान गरिनेछ । स्नातकोत्तर तहमा सर्वोत्कृष्ट भएका तीन जना विद्यार्थीलाई कुलपति पदक र स्नातक तहमा उत्कृष्ट तीन जनालाई उपकुलपति पदक प्रदान गरिनेछ ।

## बाँकेमा सय वन्यजन्तु उद्धार
## अजिङ्गरदेखि चितुवासम्म सुरक्षित स्थानान्तरण

**सरला सुवेदी**
**बाँके, २० फागुन ।**

बाँके डिभिजन वन कार्यालयले जिल्लाका पत्रकारहरूको सहभागितामा स्थलगत अवलोकन भ्रमण सम्पन्न गरेको छ । कार्यक्रममा वरिष्ठ डिभिजन अधिकृत शंकर प्रसाद गुप्ताले बाँके जिल्लाको कुल वन क्षेत्रमध्ये ५१ प्रतिशत बाँके राष्ट्रिय निकुञ्जले ओगटेको र बाँकी ४७.७९ प्रतिशत क्षेत्र डिभिजन वन कार्यालयले संरक्षण गरिरहेको जानकारी दिए ।

वन संरक्षणको महत्व उजागर गर्दै अधिकृत गुप्ताले वनले समाज र देशको समग्र विकासमा महत्वपूर्ण योगदान दिने भएकाले यसको संरक्षण सबै पक्षको दायित्व भएको बताए । उनले आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले बाँके वन कार्यालयलाई ९ करोड ५३ लाख ६० हजार रुपैयाँ बजेट विनियोजन गरेको जानकारी पनि गराए ।

वन्यजन्तु पीडितलाई हालसम्म १९ लाख १२ हजार ५०० रुपैयाँ

बाँकी ४ पेजमा

**महिला अधिकारको सम्मान गरौं**

- महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तिकरणमा ध्यान दिऔं,
- लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वन गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

**विज्ञापन दर/रेट सम्बन्धी सूचना**

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २000/- | रु. १८00/- |
| भित्री पृष्ठ | रु. १५00/- | रु. १२00/- |
| अन्तिम पृष्ठ | रु. १७00/- | रु. १५00/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५00/- | रु. १५00/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७0/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Find Your Dream Job
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
GET IT ON Google Play
yugnews.com

## सम्पादकीय....


# विषादी परिक्षण प्रयोगशाला सञ्चालनमा ल्याऊ !

कर्णाली प्रदेश सरकार स्थापनादेखि नै प्राथमिकताका साथ अघि बढेको योजना हो, अर्गानिक प्रदेश घोषणा । प्रदेश सरकारको प्रथम कार्यकालबाट धुमधामका साथ सुभारम्भ भएको कार्यक्रमको उद्देश्य एकातिर सरकारको काम अर्कोतर्फ हुँदा यसले सार्थकता पाउँन सकेको छैन । कणालीलाई अर्गानिक बनाउन यहाँ उत्पादन हुने कृषि उपजमा रासायनिक विषादीको न्यूनिकरण गर्ने योजना अझैसम्म पनि पुरा हुन सकेको छैन । यतिसम्म कि अर्गानिक प्रदेशको अवधारणा पुरा गर्न अघि सारिएका महत्वपूर्ण योजना नै अलपत्र अवस्थामा छन् । कर्णाली कृषि उत्पादनमा ठुलो सम्भावना बोकेको क्षेत्र हो । बिडम्वना कर्णालीलाई तरकारीदेखि खाद्यान्नमा अझै पनि अन्य प्रदेश तथा भारतीय बजारसँग परनिर्भर हुनुपर्ने अवस्था छ । विशेष गरी कर्णालीमा ठुलो मात्रामा तरकारी तथा फलफूल भारतीय बजारबाट भित्रने गरेको छ। त्यो पनि विषादीयूक्त। यसले कर्णालीवासीका भान्सामा दैनिक निर्वाधिरुपमा विष भित्रिरहेको छ । कर्णाली भित्रिने तरकारी तथा फलफूलमा प्रयोग गरिने अत्याधिक विषादीका कारण यहाँका नागरिकलाई घातक रोगसँग लड्नुपर्ने जोखिम बढाईरहेको छ । जनस्वास्थ्यका दृष्टिकोणले घातक मानिने विषादी जाँच गर्ने संयन्त्र स्थापना गर्ने तर्फ सरकारले ध्यान पुऱ्याउन सकेको छैन । भएका संयन्त्रहरु पनि सञ्चालनको पर्खाइमा छन् । यसले प्रदेश सरकारको अर्गानिक घोषणाको नारालाई नै गिज्याइरहेको छ ।

प्रदेशलाई अर्गानिक बनाउने योजना अनुरुप नै आर्थिक वर्ष २०७६/०७७ मा कर्णाली सरकारले विषादी परीक्षण प्रयोगशाला स्थापनाको काम अघि बढाएको थियो । कर्णाली भित्रिने दुई नाका सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी परीक्षण प्रयोगशाला स्थापनाको प्रक्रिया अघि बढेको थियो । दुई करोड लागतमा अघि बढेका यी प्रयोगशालाका भवन पनि तयार भएका छन् । तर, प्रदेश सरकारको गैरजिम्मेवारीपनले अहिले यी दुवै प्रयोगशाला अलपत्र अवस्थामा छन् । प्रयोगशालामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापनमा प्रदेश सरकारको निकम्मापनले अर्गानिक अभियानका महत्वाकांक्षी योजना प्रयोगविहिन छन् । कर्णालीको माटो र हावापानीले जैविक खेतीको राम्रो सम्भावना बोकेको छ । तर, पछिल्लो समय किसानहरू उत्पादन वृद्धिको नाममा रासायनिक विषादी प्रयोग गर्न थालेका छन् ।

यसले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पार्नुका साथै पर्यावरणीय सन्तुलनमा पनि नकारात्मक प्रभाव पारिरहेको छ । यस्तो परिस्थितिमा विषादी परिक्षण प्रयोगशाला स्थापनाको आवश्यकतालाई प्रदेश सरकारले महत्वपूर्ण ठान्नुपर्ने हो । किसानहरू प्रायः विषादी प्रयोग गर्दा प्राविधिक परिक्षण बिना नै अन्धाधुन्ध रूपमा गरिरहेका छन् । यसका कारण विषादीको मात्रा मापन हुन नसक्ने, अखाद्य विषादी मिश्रित तरकारी बजारमा पुग्ने र अन्ततः उपभोक्ताले स्वास्थ्य जोखिम बेहोर्नु पर्ने स्थिति सिर्जना भइरहेको छ। कर्णालीमा विषादी परिक्षण प्रयोगशाला स्थापना भएमा बाहिरबाट आउने र यहाँ उत्पादित तरकारी तथा खाद्य वस्तुहरूमा विषादीको मात्रा परिक्षण गर्न सहज हुन्छ। जसले उपभोक्ता स्वास्थ्य सुरक्षाको प्रत्याभूति हुन्छ । यस बाहेक, सरकारले जैविक खेतीको प्रवर्द्धन गर्नुपर्दछ । किसानलाई जैविक विषादी, जैविक मल र परम्परागत कृषि प्रणालीको उपयोगबारे व्यापक रूपमा जानकारी दिन सकिएमा विषादीको अन्धाधुन्ध प्रयोगलाई नियन्त्रण गर्न सकिन्छ । यसर्थ, प्रदेश सरकारले स्थापना गरेका प्रयोगशालाहरु यथासिंघ्र सञ्चालनमा ल्याउनु पर्दछ। यसले यहाँको खाद्य सुरक्षामा सुधार ल्याउनुका साथै स्थानीय उत्पादनलाई गुणस्तरीय बनाउने कार्यमा योगदान पुऱ्याउनेछ । यसो हुन सकेमात्रै कर्णालीले लिएको अर्गानिकको नारा पुरा हुनेछ ।

# ठूलालाई 'ब्रान्ड'को डर, नयाँको छैन भर



**नरेन्द्र साउद**



राजधानी दैनिकले शुक्रबार 'अचम्म' को विज्ञापन छाप्यो- बिक्दै नबिक्ने पत्रिका' । ज्याकेट पेजमै छापिएको यो विज्ञापन सरसर्ती हेर्दा 'राजधानी पत्रिका बिक्नै छोडेछ, त्यसैकारण पत्रिकाले हात ठड्यायो' भन्ने अर्थ लाग्छ । अर्कोतिर, कुनै पनि 'दबाब, प्रभाव र प्रलोभन' मा 'नबिक्ने स्वच्छ छविको पत्रिका' भनेर आफ्नो दाबी प्रस्तुत गरेको देखिन्छ । जे होस्, द्विअर्थी विज्ञापनले सामाजिक सञ्जालमा राम्रै बहस छेड्यो- पत्रिकाको भविष्यबारे । कसैले डिजिटल जमानामा परम्परागत शैलीका पत्रिकाको भविष्य छैन भन्ने तर्क गरिरहेका छन् । कतिपयले 'पत्रिकाको विकल्प अरू मिडिया हुन सक्दैनन्' भन्ने आशाको दियो जगाएकै छन् ।

तर, तथ्य के हो भने, पत्रिका (प्रिन्ट मिडिया) को भविष्यमाथि प्रश्न उठेकै छ । यही रूपमा प्रिन्ट मिडियाले निरन्तरता पाउने-नपाउने भन्नेमा सञ्चालकदेखि सञ्चारकर्मी 'कुहिरोको काग जस्ता' छन् । अझ भनौं, प्रिन्ट मिडियामै भविष्य देख्नेहरूका सपना कतै 'पानीका फोका जस्तै' बिलाउने त होइनन् भन्ने चिन्ता थपिएको छ । 'भगवान् भरोसा' वा 'चल्छन् होला नि !' भन्ने आसमा मात्रै प्रिन्ट मिडिया दौडिरहेको यथार्थता हो ।

**ब्रान्डको महत्व**

छिमेकी चीन आज विश्वमा पहिलो शक्ति राष्ट्र बन्न खोज्दै छ । तर, उसलाई एउटै तगारो छ- 'ब्रान्ड' को। चिनियाँ सामग्री सस्ता छन् । त्यसैकारण प्रयोगकर्ता अधिक छन् । तर, जे जतिले चिनियाँ सामान प्रयोग गर्छन्, उनीहरूमा 'ब्रान्ड' प्रतिको विश्वसनियता छैन । अमेरिकालगायत पश्चिमा मुलुकले जे-जति उत्पादन गर्छन्, ती महँगा छन्, तर 'ब्रान्डेड' मा गनिन्छन् । महँगै तिरेर सामान किन्नुपर्ने बाध्यता भए पनि ती देशका उत्पादनप्रति उपभोक्ता ढुक्क हुन्छन् । विश्वास गर्छन् । हो, नेपाली मिडियाको अहिलेको अवस्था पनि त्यस्तै देखिन्छ । पुराना एवं ठूला मिडिया समाजका 'ब्रान्ड' हुन् । तिनका जे जति पाठक, दर्शक, श्रोता छन्, ब्रान्ड नहेरी-नपढी चित्त बुझाउँदैनन् । हतपति 'नयाँ मिडिया' को विश्वास गरिहाल्दैनन् । तर, यतिले मात्रै पुग्दैन । सस्ता, भाइरल र बिकाउ 'कन्टेन्ट' को पछि दौडिरहेको जमातलाई पनि ब्रान्डप्रति आकर्षित बनाउने दायित्व र जिम्मेवारीबाट आँखा चिम्लिन मिल्दैन । सन्देशविहीन, भ्रामक र कुसामग्रीको लतबाट पाठक-श्रोता-दर्शकलाई छुटाउन सकेमात्रै मूलधारको मिडियाको बजार सुरक्षित हुने निश्चित छ ।

चिनियाँ सामानका प्रयोगकर्ता जस्तै छन्- च्याउसरी उम्रेका अनलाइन र नयाँ मिडिया (युट्युब च्यानल) का 'अडियन्स' पनि । अनलाइन वा न्यू मिडियामा 'भाइरल'का अन्टसन्ट गतिविधि, घर झगडा र गालीगलौचका सामग्रीमा अविश्वसनीय रूपमा 'भ्यूअर्स' देखिन्छन् । तर, त्यस्ता सामग्री एकछिन हेर्दा त आनन्द आउँछ । तर, सामाजिक सन्देश ? समाजप्रतिको जिम्मेवारी र कर्तव्य ? केही पनि भेटिँदैन । 'डलर' कमाउने विशुद्ध उद्देश्यका 'अन्टसन्ट कन्टेन्ट' ले समाजलाई दिग्भ्रमित मात्रै बनाएका छन् । समाजलाई सकारात्मक दिशातिरभन्दा अराजकताले मलजल पुऱ्याइरहेका छन् ।

ठूला मिडियाले खोजबिन गरेका 'सिरियस म्याटर्स' मा पाठक-दर्शक निकै कम हुन थालेका छन् । त्यस्ता सामग्री अनलाइन वा सोसल प्लेटफर्ममा राखे भ्युअर्स पाउनै गाह्रो हुन्छ । दुःखद कुरो, त्यस्ता सामग्रीमा गालीगलौज, भडास र आरोपका 'कमेन्ट' को बाढी हुन्छ। कमेन्ट पढ्दा लाग्छ, मूलधारका मिडियाले पत्रकारिता गरिरहेका छन् वा कुनै 'अपराध' ? सन्दर्भविहीन सामग्री ट्याग गर्ने, पत्रकार-मिडिया हाउसको 'हुर्मत' लिने र अप्रमाणित आरोप लगाएर उल्टै पत्रकारको बदख्वाई गर्ने कार्य तीव्र रूपमा भइरहेको छ । यसले एकातिर, मूलधारका मिडिया समाप्त गर्नुपर्छ भन्ने नियोजित षड्यन्त्रलाई मलजल गरिरहेको छ। अर्कोतिर, पत्रकारिता क्षेत्रकै बदनाम गर्ने र आफ्नो आलोचना गर्ने कमलका निभ भाँच्ने कुत्सित चाल लुकेको देखिन्छ ।

**कन्टेन्टमा लगानी खै ?**

हो, विज्ञान र प्रविधिको तीव्रतर विकासले 'ठूला मिडिया' माथि चुनौती थपिएकै छ । हामी त ब्रान्ड हौ भनेर 'पाठकले खोजेको भन्दा आफूले रोजेको' सामग्री पस्केर मात्रै समाजले यी मिडियालाई पत्याउने अवस्था पटक्कै छैन । किनभने, पूर्वसभामुख कृष्णबहादुर महराको यौनदुर्व्यवहार काण्ड, सेक्युरिटी प्रिन्टिङको घुसकाण्ड, बाँसबारी जग्गा हिनामिनाजस्ता ठूला अनियमितताका पर्दाफास ठूला मिडियाले गरेनन् । यसमा मूलधारको पत्रकारिता चुकेकै हो। त्यसपछि नै मूलधारको पत्रकारिताको परिभाषामाथि पनि प्रश्न उठ्न थाल्यो । केलाई मूलधार मान्ने ? मूलधारले नउधिन्दैमा सूचना पाउने जनताको हक कुण्ठित हुन्छ र ? यावत प्रश्नको घेरामा मूलधारको पत्रकारिता छ । यसैकारण, सूचनामात्र होइन, खोज समाचार-विश्लेषणका लागि पनि अब मूलधारको मिडियाको मात्रै मुख ताक्नुपर्ने बाध्यताको अन्त्य भएको छ ।

अर्कोतिर, दिनभरि अनलाइनमा पढिसकेका, सामाजिक सञ्जालमा लिंक 'भाइरल' बनिसकेका र दर्शक-श्रोता 'अघाइसकेका' सामग्रीले प्रिन्ट मिडिया जिउन सक्दैन। यिनै सामग्रीका लागि पाठकले किनेर 'प्रिन्ट' मिडिया किन पढ्ने ? अनलाइनका 'कपी पेस्ट' का समाचार भोलिपल्ट प्रिन्टमा दिनु भनेको 'पाठक माथिको अन्याय' नै हो । नवीन प्रस्तुति, शैली र 'कन्टेन' मा ख्याल नगर्ने हो भने मूलधारको मिडिया तंग्रिने होइन, सुकेनास लागेर नासिँदै जाने निश्चित छ । त्यसका लागि अब कन्टेन्टमा लगानी गर्न कञ्जुस्याइँ गर्नुहुँदैन । 'कन्टेन्ट' नै मिडियाको आत्मा हो । आत्मा नै नभएको निर्जीव वस्तुलाई पाठक- श्रोता-दर्शकलाई 'बेच्न' खोजेर जीविका चल्दैन ।

पाठक, दर्शक र श्रोताको अभिरुचि, प्रस्तुतिको शैली र नविनतम प्रयोगको जरुरी भइसकेको छ ।

**गालीमात्रै किन ?**

मूलधारका मिडियाका सामग्री सोसल प्लेटफर्ममा राख्यो कि, तालीभन्दा गालीको वर्षा हुने गरेको छ । सञ्चारमाध्यम र पत्रकारमाथि अप्रमाणित आरोप लगाउने, 'टिस्ट' गर्ने, पत्रकार-संस्थाको हुर्मत लिने काम भइरहेको छ । किन यस्तो त ? के पत्रकार-मिडिया हाउसले नाजायज फाइदा मात्रै उठाइरहेका छन् त ? पक्कै होइन । यसको अर्थ उनीहरू प्रश्नभन्दा बाहिर छन् भन्ने पनि होइन । राज्यका निकाय छन्, गलत गर्ने जो कोही कानुनभन्दा माथि हुन सक्दैन । छानबिन गरेर दोषी भेटिए कारबाही गर्नुपर्छ । तर, ज-जसले मिडियाकर्मी र मिडिया हाउसमाथि नियतवस गाली र आरोपमात्रै लगाइरहेका छन्, उनीहरूको भित्रि मनसाय र उद्देश्य के हो ? किन उनीहरू जेमा पनि पत्रकार वा उनीहरू कार्यरत संस्थाको हुर्मत लिइरहेका छन् ? डराउनु पर्दैन । यो व्यावसायिक, निष्पक्ष र स्वतन्त्र पत्रकारिता पेसाको बदनाम गर्ने र समाप्त गर्ने भित्री चाल हो । नयाँ हुन वा पुराना राजनीतिक दल-नेता हुन्, मिडियाले 'तेरोमेरो' भनेर आफ्नो धर्म छोड्न मिल्दैन ।

एक अर्थमा भन्दा छोडेका पनि छैनन् । हिजोका लाउडा काण्डदेखि वाईडबडी काण्डलाई जनतासमक्ष उजागर गर्ने काम यिनै मिडियाले गरेका हुन् । त्यतिमात्र होइन, तत्कालीन राजाले लोकतन्त्रको घाँटी निमोठ्दा लोकतन्त्र, मानवअधिकार, अभिव्यक्ति तथा स्वतन्त्रता हकका लागि मिडिया र मिडियाकर्मी सडकमा ओर्लेकै हुन् । त्यसैकारण पनि प्रेस स्वतन्त्रमा मात्र नभई 'पूर्ण प्रेस स्वतन्त्रता' संविधानको प्रस्तावनामै लेखियो । तर, आज लोकतन्त्रको खुलापन, बोल्न पाउने अधिकारको 'दुरुपयोग' गरेर पत्रकारिता पेसामाथि हिलो छ्याप्ने र यसको बदनाम गर्न खोज्ने तत्वप्रति सजग हुनै पर्छ ।

प्रेस काउन्सिल, नेपाल पत्रकार महासंघ लगायतका प्रेससँग सम्बद्ध संघ-संस्थाले फेरि एकपटक प्रेस स्वतन्त्रताप्रतिको राजनीतिक प्रतिबद्धता जाहेर गराउन लगाउनुपर्छ । गलत गर्ने जो कोही कानुनी दायरामा आउनुपर्छ, तर बित्थामा अप्रमाणित आरोप मात्रै लगाइराख्ने कुतत्वका कुत्सिल षड्यन्त्रले पत्रकारिता पेसा सप्रिने होइन, घाँटी निमोठिनेछ ।

एकपटक कल्पना गरौं त, प्रेस बिनाको राज्य संयन्त्र कस्तो होला ? प्रेसले उधिन्दा, अनियमितताको पर्दाफास गर्दा, निरन्तर खबरदारी गर्दा त 'शासक'हरू समाजप्रति जिम्मेवार बन्दैनन् । कर्तव्यको बोध गर्दैनन् । अर्थात्, बलमिच्याइँ र मनपरि गर्छन् भने प्रेस नहुँदा के गर्दा हुन् ? त्यसैकारण राज्यका परिभाषित तीन अंगमाथि जनताको तर्फबाट खबरदारी गर्न निर्धो होइन, बलियो प्रेस चाहिन्छ । बलियो प्रेसले मात्रै लोकतन्त्रको जग बलियो बनाउँछ । तर, आफैं संकटमा परेको प्रेसले कतै कुनै शर्तमा नबिकोस, नझुकोस भनेर जनताको खबरदारी पनि उत्तिकै आवश्यक छ । *(अन्नपूर्ण)*

## विश्व

# अमेरिकामा दादुराको प्रकोप बढ्दो

**वासिङ्टन डिसी, २० फागुन ।** अमेरिकी सेन्टर फोर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सिडिसी)ले सन् २०२३ को अन्त्ययता बालबालिकामा दादुराको जोखिम बढ्दै गएको चेतावनी दिएको छ।

अमेरिकाको दोस्रो ठुलो राज्य टेक्ससमा दादुराका करिब १६० घटना रिपोर्ट गरिएको छ । यो प्रकोप महिनौंसम्म रहन सक्ने चेतावनी राज्यका स्वास्थ्य अधिकारीहरूले दिएका छन् । टेक्सस राज्य स्वास्थ्य सेवा विभागका अनुसार सप्ताहन्तमा टेक्ससमा एक दर्जन दादुराका घटना पत्ता लगाइएको छ । सोमबार अस्टिनमा जनस्वास्थ्य समितिसँगको सुनुवाइको क्रममा राज्य स्वास्थ्य विभागका आयुक्त डा. जेनिफर सुफोर्डले घटनाहरू नौ काउन्टीहरूमा फैलिएको बताए ।

'हामीलाई थाहा छ कि पछिल्लो १० वर्षमा संयुक्त राज्य अमेरिकामा देखा परेका अन्य प्रकोपहरू महिनौंसम्म चलेका छन् । केही साढे दुई महिनासम्म चलेका छन्, तर न्युयोर्कमा साढे १० महिनासम्म चलेकोथियो,' सुफोर्डले थपे । पहिलो दुई केसहरू जनवरीको अन्तमा पहिचान गरिएको र त्यसवेलादेखि संख्या बढ्दै गएको छ। सबै केसहरू खोप नगरिएका व्यक्तिहरूमा रहेका छन्। धेरैजसो केसहरू पाँचदेखि १७ वर्ष उमेरका बालबालिकामा छन् ।

# इन्डोनेसियाद्वारा नवीकरणीय ऊर्जा परियोजनामा ठुलो लगानी

**जकार्ता, २० फागुन ।** इन्डोनेसियाले यस वर्ष करिब ४० अर्ब डलरबराबरको २० भन्दा बढी ऊर्जा परियोजना बनाउने योजना गरिरहेको छ । यसले घरेलु प्रशोधन क्षमता बढाउने ऊर्जामन्त्रीले बताए।

कोइलामा निर्भर इन्डोनेसिया दक्षिणपूर्वी एसियाको सबैभन्दा ठुलो अर्थतन्त्र भएको देशमध्ये एक हो । राष्ट्रपति प्रबोवो सुब्यान्टोले गत वर्ष कोइला ऊर्जा उत्पादनलाई चरणबद्ध गर्न र शताब्दीको मध्यसम्ममा शून्य उत्सर्जनमा पुग्ने प्रतिबद्धता व्यक्त गरे । 'हामीले करिब ४० अर्ब अमेरिकी डलरको लगानीका २१ वटा आयोजना प्रस्तुत गरेका छौँ । यी परियोजनाहरू इन्डोनेसियाको अर्थतन्त्र बढाउन र तेलदेखि घरेलु क्षमतामा सुधार गरेर रोजगारी सिर्जना गर्ने ठुलो प्रयासको हिस्सा हुन्,' उनले भने, 'हामी यो गर्नेछौँ ता कि उत्पादनलाई वास्तवमा आयात विकल्पको रूपमा घरेलु रूपमा बजारमा ल्याउन सकियोस् ।' करिब पाँच लाख ब्यारेल क्षमताको तेल प्रशोधन केन्द्र र तेल भण्डारण सुविधा पनि निर्माण गरिने उनले बताए।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — कार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन् । पुराना विचारहरू छोडेर नयाँ विचारहरूलाई समय दिनुहोस् । माननीय जनहरूबाट सहयोग मिल्नेछ ।

**वृष** — एकाग्रताको साथमा मेहनत गर्नुहोस् सफलता मिल्नेछ । व्यापार व्यवसायमा मनग्य लाभ मिल्नेछ । कार्यक्षेत्रमा कार्यलाई टाल्नुभन्दा बनाउनुमा विश्वास राख्नुहोला ।

**मिथुन** — पूरा गर्न नसक्ने वाचा नगरौं । समाजमा मान सम्मान बढ्नेछ । प्रेम सम्बन्धमा विचारहरूको टकराव हुन सक्छ । पारिवारिक विषयवस्तुमा सुधार हुनेछ ।

**कर्कट** — आज ऊर्जावान महसुस गर्नुहुनेछ । अधिकारी वर्गहरूबाट सहयोग पाइएला । नयाँ कार्य गर्ने अवसर मिल्नेछ ।

**सिंह** — अर्थभावले चिताएको कार्य सम्पादन गर्न गाह्रो हुनेछ । आर्थिक वा व्यावसायिक क्षेत्रमा सुधार हुनेछ । सेवा गर्ने भाव जागृत हुनेछ ।

**कन्या** — धार्मिक र आध्यात्मिक क्षेत्रमा प्रगति हुनेछ । कानुन विपरीत कार्य नगर्नुहोला । प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ । प्रेम सम्बन्ध सुमधुर रहनेछ ।

**तुला** — कार्यक्षेत्रमा विरोधी तत्त्वहरू सक्रिय रहनेछन् । यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राख्नुहोला । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

**वृश्चिक** — व्यापार व्यवसायमा सन्तानबाट सहयोग मिल्नेछ । पारिवारिक सम्बन्ध सबल हुनेछन् । प्रेम सम्बन्ध छ भने विवाहका कुरा अगाडि बढाउन सक्नुहुनेछ ।

**धनु** — कार्यक्षेत्रमा वरिष्ठजनहरुको सहयोग मिल्नेछ । राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ । कृषि वा पशुपालनबाट लाभ आर्जन गर्न सकिएला ।

**मकर** — कार्यक्षेत्रमा आसमर्दो कार्य सम्पादन हुनाले नयाँ कार्यतर्फ अग्रसर हुन सक्नुहुनेछ । घरपरिवारमा भाइबहिनीहरूको साथ र सहयोग मिल्नेछ ।

**कुम्भ** — आफन्तहरूको साथमा मनोरञ्जनात्मक समय बित्नेछ । घरको साज सजावटमा धन खर्च होला । आध्यात्म र विज्ञानमा दुवैमा रूचि उत्पन्न हुनेछ ।

**मीन** — रोकिएका कार्य बन्नेछन् । रुचिको कार्यमा मन जानेछ । घरपरिवारमा मांगलिक कार्यको रूपरेखा बन्नेछ । व्यापार व्यवसायमा नयाँ सम्पर्कले भविष्यमा लाभ मिल्नेछ ।

# सुर्खेत र जुम्ला विमानस्थल विस्तार गर्न ११ अर्ब लाग्ने

**राष्ट्रिय समाचार समिति**
**सुर्खेत, २० फागुन ।**

कर्णाली र लुम्बिनी प्रदेशका तीन विमानस्थल विस्तार गर्न स्रोत सुनिश्चितताको माग गरिएको छ। कर्णाली प्रदेशस्थित सुर्खेत र जुम्ला विमानस्थल तथा लुम्बिनी प्रदेशको दाङ टरिगाउँ विमानस्थल विस्तारका लागि स्रोत सुनिश्चितताको माग गरिएको हो।

सङ्घीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यी तीन विमानस्थल विस्तारका लागि थप बजेट व्यवस्थापन गर्न अर्थ मन्त्रालयसँग प्रस्ताव गरेको छ। मन्त्रालयका शाखा अधिकृत प्रकाश पोखरेलका अनुसार विमानस्थल विस्तारका लागि अर्थ मन्त्रालयलाई स्रोत सुनिश्चितता गरिदिन अनुरोधसहित प्रस्ताव गरिएको छ।

तीनवटै विमानस्थल विस्तारका क्रममा आवश्यक पर्ने जग्गा अधिग्रहणका लागि नागरिक उड्डयन प्राधिकरणबाट सिफारिस भएबमोजिम फागुन १५ गते बसेको मन्त्रीस्तरीय बैठकले स्रोत सुनिश्चितता गर्ने निर्णय गरेको छ। सोहीअनुसार दाङ टरिगाउँ विमानस्थल जग्गा अधिग्रहणका लागि रु पाँच अर्ब लागत अनुमान गरिएकामा रु एक करोड विनियोजन र रु ९९ करोड स्रोत सुनिश्चितताको माग गरिएको छ।

साथै सुर्खेत विमानस्थल जग्गा अधिग्रहणका लागि रु १० अर्ब लागत अनुमान गरिएकामा रु १० करोड विनियोजन र रु चार अर्ब ९० करोड स्रोत सुनिश्चितताका लागि माग गरिएको मन्त्रालयका शाखा अधिकृत पोखरेलले जानकारी दिए।



उनका अनुसार जुम्ला विमानस्थलको जग्गा अधिग्रहण गर्न रु एक अर्ब लागत अनुमान गरिएकामा रु १० करोड रकम विनियोजन र रु ४० करोड स्रोत सुनिश्चितताका लागि माग गरिएको छ। वि.सं २०७५ मा कर्णालीका तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले प्रदेश सरकारले आफ्नै हवाई सेवा सञ्चालन गर्ने महत्वाकाङ्क्षी योजना अगाडि सारिएको थियो। प्रदेश सरकारले 'कर्णाली एयरलाइन्स'का नामबाट आन्तरिक तथा अन्तरप्रदेश उडानका लागि हवाई सेवा सुरु गर्न ल्याइएको योजना अहिले अन्योय बनेको छ।

शाहीका पालामा प्रदेश सरकारले सुर्खेतमा अन्तर्राष्ट्रियस्तरको विमानस्थल र मुगुमा 'हाई अल्टिच्युट' विमानस्थल निर्माणको घोषणा गरेको थियो। चिनियाँ कम्पनी नर्थवेष्टले दुईवटै विमानस्थलको निःशुल्क विस्तृत सम्भाव्यता अध्ययन गरेर प्रदेश सरकारलाई प्रतिवेदन बुझाएको थियो।

अहिले सुर्खेत-काठमाडौँ, काठमाडौँ-सुर्खेत दैनिक चार वटा उडानमात्र हुने गरेका छन्। माथिल्लो कर्णाली उड्ने जहाज देखिन छाडेका छन्। वि.सं. २०७७ मा हालको विमानस्थललाई विस्तार गरी एक हजार पाँच सय मिटरको धावनमार्ग विस्तार गरी रात्रिकालीन उडान भर्ने उद्देश्यका साथ सुर्खेत विमानस्थल विस्तारको योजना अगाडि बढाइएको थियो।

तत्कालीन मुख्यमन्त्री शाहीको अध्यक्षतामा विसं २०७७ मङ्सिर अन्तिम साता बसेको बैठकले 'एप्रोच लाइट' सुविधायुक्त विमानस्थलका रूपमा विकास गर्न दीर्घकालीन सोचसहित काम अघि बढाउने निर्णय गरेको थियो।

सो विमानस्थल विस्तार र स्तरोन्नतिका लागि झण्डै रु दुई अर्ब बराबर खर्च लाग्ने भन्दै पहिलो चरणमा प्रदेश सरकारले रु ५० करोड र केन्द्र सरकारले रु ५१ करोड बजेट विनियोजन गरेका थिए। विस्तारका लागि सङ्घीय र प्रदेश सरकारबीच १५ असोज २०७७ सालमा समझदारीपत्रमा हस्ताक्षर भएको थियो। विमानस्थल विस्तारको काम अघि नबढेपछि केन्द्र र प्रदेश सरकारले छुट्याएको रु एक अर्ब एक करोड रकम फ्रिज भएको थियो।

आर्थिक वर्ष २०७८/७९ मा पनि रु एक अर्ब ५० करोड बजेट विनियोजन भए पनि काम हुन सकेन। विमानस्थलको धावनमार्ग विस्तार गर्दा वीरेन्द्रनगर नगरपालिकाका-१०, ११, र १२ नं वडाका करिब नौ सय २३ घरधुरी र विद्यालय पनि प्रभावित हुने भएपछि स्थानीयहरू सङ्घर्ष समिति गठन गरेर विरोधमा उत्रिएपछि काम रोकिएको थियो।

सदरमुकाम खलङ्गा बजारमा रहेको जुम्ला विमानस्थलको धावनमार्ग विस्तार तथा नयाँ टर्मिनल भवन बनाउन नागरिक उड्डयन प्राधिकरणले एक सय ८३ दशमलव ८० रोपनी जग्गा अधिग्रहण गर्ने प्रक्रिया अघि बढाएको छ। प्राधिकरणअन्तर्गत जुम्ला नागरिक उड्डयन कार्यालयले जग्गा अधिग्रहणका लागि थप प्रक्रिया सुरु गरिएको जनाएको छ।

जुम्ला विमानस्थल हाल छ सय ७० मिटर लम्बाइ, २० मिटर चौडाइ छ। उड्डयन प्राधिकरणले विमानस्थल विस्तारका लागि बजेट विनियोजन भइसकेकाले आवश्यक समन्वय गर्न जिल्लास्थित उड्डयन कार्यालयलाई निर्देशन दिएको छ। उक्त बजेटबाट धावनमार्ग विस्तार, जहाज पार्किङ गर्ने ठाउँ (अप्रोन) निर्माण, अप्रोनदेखि जहाजसम्म जाने बाटोलगायत संरचना निर्माण हुनेछन्।

# योगी नरहरिनाथको जन्मोत्सोवमा सम्मानित

**युग संवाददाता**
**सुर्खेत, २० फागुन ।**



विद्वान् राष्ट् गुरू योगी नरहरिनाथको १११ औ शुभजन्मोत्सव बिभिन्न व्यक्तिहरुलाई सम्मान गरिएको छ। कर्णालीमा क्षेत्रमा रहेका बिभिन्न क्षेत्रमा योगदान गरेका व्यक्तिहरु जन्मोत्सवमा अवसरमा योगी नरहरिनाथ योगी अध्ययन प्रतिष्ठानले सम्मान गरिएको हो।

शिक्षा क्षेत्रमा अतुलनिय योगदान दिएका महेन्द्रप्रसाद गिरी, पिताम्बर ढकाल पत्रकारिता क्षेत्रमा योगदान दिएकोमा शिला गुरुङ्ग, कला संस्कृतिमा अतुलनिय योगदान दिएकोमा गंगाबहादुर के.सी., भिमबहादुर कार्की, प्रेमदेव गिरी, लिलाधर गौतम सामाजिक र साहित्य क्षेत्रमा योगदान सम्मान गरिएको हो।

प्रतिष्ठानको वृहतरम विकासका लागी योगदान दिएकोमा सूर्यनाथ योगी, अशोककुमार थापा, प्रतिष्ठानको स्थापनाका लागी महत्वपूर्ण योगदान दिने कार्य समितिका पदाधिकारी लक्ष्मीकुमारी शाही, विमलाकुमारी थापामगर र धनबहादुर नेपाली, नाट्यक्षेत्रमा योगदान गरे वापत गित संगित क्षेत्रमा योगदान गरेवापत ज्ञानबहादुर नेपाली सम्मान गरिएको हो।

वेद, वेदान्त, इतिहास, पुरातत्त्व, पुराण जस्ता अति गहन विषयहरूका ज्ञाता, प्रकाण्ड विद्वान् राष्ट्र गुरू योगी नरहरिनाथको १११ औ शुभजन्मोत्सोव एंवम् युगपुरुष राष्ट्रगुरुको 'वैदिक साम्यवाद साथमा दिव्य उपदेश' पुस्तकको विमोचन गरिएको थियो।

# विद्युत् अभावमा जिल्ला अस्पतालको सेवा प्रभावित

**युग संवाददाता**
**हुम्ला, २० फागुन ।**

विद्युत् आपूर्ति नियमित नहुँदा जिल्ला अस्पतालको स्वास्थ्य सेवा प्रभावित बनेको छ। हिउँदयाममा दैनिक विद्युत् भारको कटौतीले जिल्ला अस्पतालको सेवा प्रभावित भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. प्रतीक्षा भारतीले बताए।

अस्पतालमा एक्स-रे, प्रयोगशाला र दमका सेवाहरू सञ्चालनमा कठिनाइ भएको उहाँले बताए। दैनिक दर्जनौँ बिरामी मर्कामा पर्ने गरेका छन्। अस्पतालमै विद्युत् अनियमित भएपछि बिरामीहरूलाई दिनभर कुराउनाका साथै टाढाबाट आएकाहरू बढी समस्यामा पर्ने गरेको उनको भनाई छ।

तीन, चार दिनयता घाम नलागेर बाक्लो बादल लागेका कारण अस्पतालको सौर्य उर्जाले काम नगरेको र हेल्दुम वितरण केन्द्रले 'लोडसेडिङ' १४ घण्टासम्म गर्नुले थप समस्या भएको हो। अस्पतालका शय्यामा भर्ना भएका ६ जना दमका बिरामीलाई अक्सिजन दिन समस्या भएको छ। अधिकांश दमका बिरामीलाई फर्काउनुपर्ने अवस्था आएको अस्पतालले जनाएको छ।

विद्युत् कार्यालयले भने खोलामा पानी कम भएका कारण सदरमुकाम सिमकोटसहित आसपासमा विद्युत् भारको कटौती जनाएको छ। विद्युत कार्यालय प्रमुख जीतेन्द्र शाहले अस्पतालमा नियमित विद्युत् उपलब्ध गराएको दाबी गरे।

"अस्पतालको आन्तरिक समस्याले विद्युत् लाइन उपलब्ध नभएको हुनसक्छ, हामीले अस्पताललाई विद्युत कटौती गरेका छैनौँ", प्रमुख शाहले भने। अस्पताल मात्रै नभएर अन्य कार्यालय, स्थानीय उद्योग र स्थानीयसमेत विद्युत कटौतीको मारमा परेका छन्।

# जुम्लामा बर्थिङ सेन्टरमा सुत्केरी हुने बढ्दै



**युग संवाददाता**
**जुम्ला, २० फागुन ।**

जिल्लामा पछिल्लो समयमा बर्थिङ सेन्टरमा सुत्केरी हुनेको सङ्ख्या वृद्धि हुँदै गएको छ। यहाँको तिला गाउँपालिकामा रहेका स्वास्थ्य चौकीमा सञ्चालन गरिएका बर्थिङ सेन्टरमा सुत्केरी हुनेको सङ्ख्या बढ्न थालेका हुन्।

पालिकाका पाँच स्वास्थ्य चौकीमध्ये तीन वटा स्वास्थ्य चौकीको अघिल्लो तीन वर्षको सार्वजनिक तथ्याङ्कअनुसार करिब दुई सय बढी बर्थिङ सेन्टरमा सुत्केरी भएका छन्। तीन वर्षको तथ्याङ्क अनुसार जुम्लाकोट सबैभन्दा बढीले बर्थिङ सेन्टरमा सुत्केरी सेवा लिएका छन्। आव २०७९/८० मा ३७, आव २०८०/८१ मा ३३ र चालु आवको माघसम्म २६ जना बर्थिङ सेन्टरमा सुत्केरी भएका स्वास्थ्य चौकीका इञ्चार्ज विराजु जिसीले जानकारी दिए। उनका अनुसार सोही तीन वर्षभित्र १६ जनालाई 'रिफर' हो।

त्यस्तै तिला-९ मा रहेको रासा स्वास्थ्य चौकीमा आव २०७९/८० मा १९, आव २०८०/८१ मा १८ र चालु आवको माघसम्म छ जनाले सेवा लिएका स्वास्थ्य चौकीका इञ्चार्ज दत्त रावतले जानकारी दिए। उनका अनुसार दरबन्दीअनुसार स्वास्थ्यकर्मी नहुँदा सेवा प्रवाहमा समस्या हुँदै आएको छ। पालिकाले स्थायी दरबन्दीमा करार नियुक्ति गर्दै आएको रासा स्वास्थ्य चौकीले जनाएको छ।

रारालिही स्वास्थ्य चौकीका अधिकृत हिमाली खत्रीका अनुसार आव २०७९/८० मा ४० र गत आवमा २२ जनाले बर्थिङ सेन्टरबाट सेवा लिएका छन्। चालु आवको माघसम्म सेन्टर बन्द हुँदा सुत्केरी सेवा लिनबाट बञ्चित भएका उनको भनाइ छ।

स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याउने प्रमुख लक्ष्य र सङ्कल्प रहेको स्वास्थ्य कार्यालयले बताएका छन्। "बर्थिङ सेन्टरमा सुत्केरी हुन आउनेका कुरुवालाई खानासहितको व्यवस्थापन गरिएको छ। भौतिक संरचनालाई प्रयोगमा ल्याएर सेवा प्रवाहलाई जनमुखी बनाइएको छ", जुम्लाकोट स्वास्थ्य चौकीका इञ्चार्ज जिसीले भने।

उनका अनुसार स्वास्थ्य संस्थामा औषधि अभाव हुन नदिन पालिकाको स्वास्थ्य शाखामा पुगेर औषधि ल्याउने गरिएको छ। जटिल अवस्थाका सुत्केरीलाई व्यक्तिगत लगानीमा सदरमुकाम पठाउने गरेको इञ्चार्ज जिसीले बताए।

"पालिकाले स्वास्थ्य चौकीका लागि तोकेर आवश्यक बजेट विनियोजन गरेको छैन। गुणस्तरीय स्वास्थ्य सेवा दिन वडा कार्यालय र स्थानीय सरकारले विशेष पहल गर्नुपर्दछ", उनले भने। एउटै सेवाग्रहीको नामसहितको विवरण स्वास्थ्य संस्थामा पटकपटक दर्ता गरिरहन नपर्ने, मूल दर्तामा अभिलेखीकरण भइसकेपछि सेवाग्राहीको विवरण पुनः उल्लेख गर्न नपर्ने, खोप लगाउने बालबालिकाहरूको विवरणसमेत अनलाइन प्रणालीबाट नै सूचीकृत गर्न मिल्ने र अनलाइन प्लेटफर्म भएकाले पालिका, जिल्ला तथा प्रदेशमा बसेर पनि सजिलैसँग तथ्याङ्कको विश्लेषण गर्न सकिने भएकाले विद्युतीय स्वास्थ्य सूचना प्रणाली उपयोगी हुने जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले स्पष्ट गरेको छ।

# सिमसार संरक्षणले अजिङ्गरको सङ्ख्या बढ्दै

**युग संवाददाता**
**कञ्चनपुर, २० फागुन ।**

सिमसार क्षेत्र संरक्षण हुन थालेपछि कञ्चनपुरमा अजिङ्गरको सङ्ख्या बढ्दै गएको छ। वनभित्र रहेका सिमसार, पोखरी, ताल तलैया, नदी, खोलालगायत संरक्षणमा टेवा पुगेपछि अजिङ्गरको सङ्ख्या बढ्दै गएको हो।

जिल्लाको बेलौरी र पुर्नवास क्षेत्रमा पछिल्लो पाँच वर्षयतादेखि अजिङ्गर देखिन थालेका हुन्। अन्य क्षेत्रका वन, नदी खोला, तालतलैया नजिकका बस्तीमा पनि अजिङ्गर देखापर्ने गरेका स्थानीय बताउँछन्।

पाँच वर्षको अवधिमा दुवै क्षेत्रबाट ५६ बढी अजिङ्गरको उद्धार गरी सुरक्षित रूपमा प्राकृतिक बासस्थानमा छाडिएको कुण्डा सबडिभिजन वन कार्यालयका प्रमुख दिनेशकुमार यादवले जानकारी दिए। उनका अनुसार यस वर्षको साउनदेखियता नौ वटा अजिङ्गरको उद्धार गरी सुरक्षित रूपमा छाडिएको छ। संरक्षणको सूचीमा सूचीकृत अजिङ्गर बेलौरी नगरपालिका-१, २, ३, ५ र ७ मा अधिक देखापरेका छन् भने पुर्नवास नगरपालिका-१, ४, ६ र ११ मा बढी देखिएका यालवले बताए। "पुनर्वास र बेलौरी क्षेत्रमा अधिक रूपमा सिमसार क्षेत्र रहेका छन्", प्रमुख यादवले भने, "अजिङ्गरलाई पर्याप्त आहारा पाइने, तालतलैया, नदी, खोला रहेका छन्, उपयुक्त हावापानी छ, उखुखेती पर्याप्तमात्रामा भएकाले उपयुक्त बासस्थान छन्।"

उत्तरमा लालझाडी वन क्षेत्र, दक्षिणमा भारतीय दुधवा नेशनल पार्क, पश्चिममा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको क्षेत्र भएकाले बेलौरी र पुनर्वासमा बढी अजिङ्गर फेला पर्ने गरेका उनले बताए। "विगतमा अजिङ्गर देखापर्नेबित्तिकै मार्ने गरिन्थ्यो", उनले भने, "हाल वन्यजन्तुको संरक्षण गर्नुपर्छ, 'इकोसिस्टम' बचाउनका जिवजन्तुको महत्वपूर्ण योगदान रहन्छ भन्ने कुरा सर्वसाधारणले बुझ्न थालेका छन्, अजिङ्गर देखापर्नेबित्तिकै स्थानीयले खबर गर्छन्, आफैँ पनि सुरक्षित रुपले उद्धार गरी बुझाउने गर्दछन्।" उद्धार गरिएको अजिङ्गरलाई सुरक्षित बासस्थानमा लगेर छाडिने गरेको उनले बताए।

"अजिङ्गर संरक्षित वन्यजन्तु भएकाले यसलाई संरक्षण गर्नुपर्छ भनेर प्रचारप्रसार गर्दै आएका छौँ, यसबाट सर्वसाधारण जानकार भएका छन्", प्रमुख यादवले भने। उनका अनुसार स्थानीय बासिन्दाको कुखुरा फार्म, खेतबारी, आँगन, घरभित्र अजिङ्गर आहाराको खोजीमा आउने गर्दछ। खेतका डिलमा पनि अजिङ्गर देखा पर्न थालेका भन्दै वन कार्यालयलाई खबर गर्ने गरिएको स्थानीयको भनाई छ।


**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय

**सल्यान, नेपाल**

**पूर्वाधार विकास आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी अन्यन्त जरुरी सूचना**

(**प्रकाशित मितिः** २०८१/११/२०)

कर्णाली प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धित आयोजनाहरुको पहिचान, प्रस्ताव, विश्लेषण, मुल्याङ्कन, प्राथमिकिकरण र छनौट प्रकृयालाई बस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित वनाई उपलब्ध स्रोत साधनको उच्चतम् उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न र आयोजना छनौट प्रकृयामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहिता बढाउदै आयोजना अनुशासन कायम गरि "आयोजना प्रस्ताव तथा छनौट प्रकृया सम्बन्धी कार्यविधि, २०८१" मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि यस कार्यालयबाट कार्यन्वयन हुने पूर्वाधार क्षेत्रसँग सम्बन्धित सडक, सडक-पुल, झोलुंगे पुल र प्रदेश संरचनाका सरकारी कार्यालयका भवन निर्माण एवं मर्मत सम्बन्धी आयोजनाहरुको मिति २०८१/१२/०१ गतेभित्र यस कार्यालयमा आयोजना प्रस्ताव पेश गर्न प्रदेश सभा सदस्य ज्यू, सरोकारवाला तथा जिल्लास्थित १० वटै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा अन्य स्रोतबाट कार्यान्वयन गर्ने विकास आयोजना र हाल सञ्चालनमा रहेका विकास आयोजनासँग दोहोरो नपर्ने गरी कर्णाली प्रदेश "आयोजना प्रस्ताव तथा छनौट प्रकृया सम्बन्धी कार्यविधि, २०८१" को अनुसूची-१ मा उल्लिखित विषयक्षेत्रको आधारमा रही, अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव गर्नुपर्नेछ। यस सम्बन्धमा आवश्यक पर्ने कार्यविधि तथा जानकारीको लागि कर्णाली प्रदेश योजना आयोगको वेवसाइट kppc.karnali.gov.np तथा यस कार्यालयको वेवसाइट idosalyan.karnali.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा कार्यालयको टेलिफोन नं. ०८८-५२०३६१, ९८५७८४४२०१ वा इमेलः idosalyan@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

**कार्यालय प्रमुख**



**वीरेन्द्रनगर नगरपालिका**

## नगर कार्यपालिका कार्यालय

**सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना**

(**प्रकाशित मिति २०८१/११/२१ गते**

सुर्खेत वी.न.नपा वडा नं. २ बस्ने श्री वल सार्कीले यस वी.न.न.पा. वडा नं. २ साविक वयलकाडा ४ (ख) कि.नं. ५४५४, क्षेत्रफल ८३.५ वर्ग मी. मा घर निमार्णका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको साँध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी** : कमानसिंह महतारा
**पश्चिम जग्गाधनी** : नेत्र ब. महत
**उत्तर जग्गाधनी** : बाटो
**दक्षिण जग्गाधनी** : प्रेमप्रकाश ढुङ्गाना



## श्री अमरज्योति माध्यमिक विद्यालय

**वीरेन्द्रनगर-१२, सुर्खेत**
**Shree Amarjyoti Secondary School**
**Birendranagar, 12-Surkhet**

**शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

(**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/११/२१**)

यस विद्यालयमा तपसिल अनुसार रिक्त रहेको शिक्षक पद खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उमेदवारहरूले मिति २०८१ चैत ६ गते भित्र दरखास्त पेश गर्नुहुन यो विज्ञापन गरिएको छ।

**तपसिल**

| क्र. सं | विज्ञापन नं: | तह र पद | विषय | आवश्यक दरवन्दि संख्या |
|---|---|---|---|---|
| १ | ००७/२०८१/०८२ | माध्यमिक तह शिक्षक (प्रदेश अनुदान) | गणित | १ |

**परीक्षाको किसिमः**
क) लिखित परीक्षा (सामान्य ज्ञान र विषयगत) ख) अन्तरवार्ता
**परीक्षा सञ्चालन मितिः** दरखास्त मिती सकिएको भोलीपल्ट जानकारी गराइनेछ।
**आवश्यक न्यूनतम योग्यताः**
क) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्ने।
ख) शिक्षा सेवा आयोग नियमावली (अन्तिम संशोधन) नियम १० बमोजिम अयोग्य नभएको।
ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने।
घ) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।
**पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यता प्रमाण पत्रहरूको प्रतिलिपि चारित्रिक प्रमाण पत्र सहितको।
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
घ) अन्य तालिम भए सोको प्रतिलिपि र दरखास्त फारामका लागि २ प्रति फोटा
**नोट :** क) दरखास्त दिने अन्तिम मिती २०८१/१२/०६
ख) दरखास्त पेश गर्ने अन्तिम मितीमा सार्वजनिक बिदा परेको भए सो को भोलिपल्ट हुनेछ।

युगआह्वान
राष्ट्रिय दैनिक

# ‘एमाले बलियो भएमात्रै जनताका अपेक्षा पुरा हुन्छन्’

**युग संवाददाता**
**सुर्खेत, २० फागुन ।**

नेकपा एमाले सुर्खेतका जिल्ला अध्यक्ष कुलमणी देवकोटाले पार्टीलाई बलियो बनाउन सशक्त भुमिका निर्वाह गर्नुपर्ने बताएका छन् । मंगलबारदेखि सुरु भएको नेकपा एमाले बराहताल गाउँपालिका स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा बोल्दै अध्यक्ष देवकोटाले पार्टीको नीति, बिधि र सिद्धान्तमा रहेर जनताको सेवामा समर्पित हुन नेता तथा कार्यकर्तालाई निर्देशन दिए ।

एमालेलाई निर्णायक पार्टी बनाउन थालिएको तीन महिने वडा केन्द्रीत जरा अभियानलाई सफल बनाउँन गाउँ, वडा तथा टोल कमिटीलाई व्यवस्थित र सुदृढ बनाई सदस्यता नविकरणमा जुट्नुपर्ने देवकोटाको आग्रह थियो । पार्टीमाथि चौतर्फी हमला भइरहेको उल्लेख गर्दै अध्यक्ष देवकोटाले वार्षिक कार्ययोजना अनुरुप पार्टी सदस्यता नविकरणको अभियानको थालनी गरेर पाटीलाई बलियो बनाए मात्रै जनताका अपेक्षा पुरा हुने दावी गरे ।

यस्तै, केन्द्रीय सदस्य एवम् सुर्खेत जिल्ला इन्चार्ज नवराज रावतले नेताहरुलाई जिल्ला र पालिका केन्द्रीत नभइ वडातहमा परिचालन हुन निर्देशन दिए । पार्टीलाई मजबुद बनाउँन विनास्वार्थ अभियानमा होमिनुपर्ने उनको भनाई थियो ।

प्रदेश कमिटी सचिव धुव्रकुमार शाहीले पार्टीले गरेका राम्रा कामको प्रचारमा नेता तथा कार्यकर्ताको ध्यान नपुगेको उल्लेख गर्दै शाहीले राम्रा कामको प्रचार र गलत कामको भण्डाफोरमा उत्रनु पर्ने बताए । यस्तै, केन्द्रीय सदस्यसमेत रहेकी वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले


पार्टीका हरेक अभियानलाई सफल बनाउन एकतावद्ध हुनुपर्ने बताइन । पार्टीले थालेको जरा अभियानलाई सफल बनाएर आगामी निर्वाचनमा पार्टीलाई पहिलो बनाउँन दृढ संकल्प आवश्यक रहेको बताइन । पालिका कमिटीले संगठित सदस्यता बढाउन भेला तथा प्रशिक्षण कार्यक्रमलाई सशक्त बनाएर लैजानु पर्ने बताइन । पार्टीको नीति, विधि र सिद्धान्तलाई सफल बनाउन ऐमालेजन गोलवद्ध हुनुपर्ने बताउँदै उनले बहुमत वडामा जित हाँसिल गरेपनि पालिकामा पराजय भोग्नु परेको दृष्टान्तलाई बदल्न नेतृत्वमा रहेकाहरु बढी जिम्वार हुनुपर्ने बताइन । जनताका अपेक्षा पूरा गर्न पार्टीलाई बलियो बनाउन आवश्यक रहेको ढकालको तर्क थियो । अरुलाई गाली गरेर नभई क्षमता देखाएर जनताको सेवा गर्न आवश्यक रहेको उल्लेख गर्दै सामाजिक सञ्जालमा पोखिएर देशलाई समृद्धिको बाटोमा लैजान नसकिने ढकालको दावी छ । जिल्ला पार्टी स्कुल विभागको संयोजन, बराहताल गाउँ कमिटीको व्यवस्थापन तथा स्कुल विभाग बराहतालको आयोजनामा मंगलबारदेखि सुरु भएको प्रशिक्षण बुधबारसम्म चल्ने छ । बराहताल गाउँपालिका-१०, को सलैनामा आयोजित प्रशिक्षणमा बराहताल गाउँ कमिटी र वडा कमिटीका प्रतिनिधिहरुको सहभागिता रहेको छ ।

# कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा

**युग संवाददाता**
**काठमाडौँ, २० फागुन ।**

कम्पनी रजिष्ट्रारको कार्यालयले आजदेखि लागू हुने गरी कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मंगलबार एक प्रेस विज्ञप्ति जारी गरी सो विषयबारे जानकारी गराएको हो । योसँगै कम्पनी स्थापना, सञ्चालन तथा प्रशासन सम्बन्धी काम सहज हुने मन्त्रालयद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख छ ।

यस प्रणालीको प्रयोग गरी भौतिक रूपमा कार्यालयमा उपस्थित नभईकन कम्पनी दर्तादेखि खारेजीसम्मका सम्पूर्ण प्रक्रियाहरू सम्पन्न गर्न




सकिने तथा यस प्रणालीबाट कार्यालयमा आवेदन दिन सकिने, प्राप्त आवेदनहरू प्रणालीबाटै स्वचालित रूपमा सम्बन्धित कर्मचारीको डेस्कमा तोकिने, नाम स्वीकृति र कम्पनी दर्ताका निवेदनहरू एक तहबाट टुङ्गो लगाइने व्यवस्था मिलाइएको जनाइएको छ ।

यस प्रणालीमा नागरिकतालगायत व्यक्तिगत विवरणका लागि राष्ट्रिय परिचयपत्र प्रणाली, करदाताको स्थायी लेखा नम्बर लिनेलगायत कार्यका लागि एकीकृत कर प्रणाली तथा लेखापरिक्षकको विवरणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको प्रणालीसँग आबद्ध गरी कम्पनीले सम्बन्धित विवरण प्राप्त गर्न सक्ने प्रावधान राखिएको र अन्य सरकारी प्रणालीहरूसँग आबद्ध गरी सूचनाको सहज प्राप्ति र प्रमाणीकरणको प्रबन्ध गर्दै लगिने जनाइएको छ ।

“यस प्रणालीको सदुपयोग गरी आफ्नो कम्पनी प्रशासनसँग सम्बन्धित काम कारबाही ‘अनलाइन’ प्रणालीमार्फत सम्पादन गर्नु हुन एवं प्रणाली सञ्चालन गर्दा आइपर्ने समस्या समाधान तथा प्रणाली सुधारका लागि पृष्ठपोषणसमेत प्रदान गर्नु हुन सरोकारवाला सम्पूर्ण महानुभावहरूमा अनुरोध छ,” विज्ञप्तिमा भनिएको छ ।

# स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमका लागि चार अर्ब निकासा

**युग संवाददाता**
**काठमाडौँ, २० फागुन ।**

अर्थ मन्त्रालयले स्वास्थ्य बीमाको भुक्तानीसहित स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमका लागि थप रू तीन अर्ब ८४ करोड निकासा गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मागका आधारमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त रकम निकासासम्बन्धी निर्णय गरेको उनको सचिवालयले जनाएको छ ।

निकासा भएको रकममा स्वास्थ्य बीमा बोर्डलाई रू तीन अर्ब, ज्येष्ठ नागरिकको उपचारलगायतका लागि रू ६० करोड र मुटु रोगका बिरामीलाई निःशुल्क उपचारका लागि शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रलाई रू २४ करोड रहेको अर्थमन्त्रालयले जनाएको छ ।




## कर्णालीमा...

एक सय ९६ नियमित र आठ सय ९३ जना ग्रेडबृद्धितर्फका छन् । कालिकोटबाट ७२ जनाले प्राविधिकधारतर्फको परीक्षा दिनेछन् ।

१६ वटा परीक्षा केन्द्र रहेको जुम्लाबाट दुई हजार ६ सय ८१ विद्यार्थी एसईई परीक्षामा सहभागी हुँदैछन् । नियमिततर्फ दुई हजार पाँच सय १५ विद्यार्थी रहदा एक सय ६६ ग्रेडबृद्धि अन्तर्गतका रहेका छन् । जुम्लाबाट एक सय ४५ जनाले प्राविधिकतर्फको परीक्षा दिनेछन् ।

त्यस्तै, जाजरकोटबाट चार हजार ६ सय ६८ विद्यार्थीले २२ वटा परीक्षा केन्द्रबाट एसईई परीक्षा दिनेछन् । जसमा नियमिततर्फ चार हजार तीन सय ३९ र ग्रेडबृद्धितर्फ तीन सय २९ विद्यार्थी छन् । जाजरकोटबाट एक सय ११ जनाले प्राविधिकतर्फको परीक्षामा सहभागी हुनेछन् । यसबर्षको एसईईमा दैलेखबाट ६ हजार एक सय ९६ विद्यार्थी एसईई परीक्षा सहभागी हुँदैछन् । कुल २७ परीक्षा केन्द्रबाट नियमिततर्फ चार हजार सात सय र ग्रेडबृद्धितर्फ एक हजार चार सय ९६ विद्यार्थीलले परीक्षा दिनेछन् ।

## बाँकेमा...

राहत वितरण गरिसकेको जानकारी दिँदै उनले नयाँ राहत वितरणका लागि फाइल संकलन जारी रहेको बताए । साथै, नयाँ वृक्षारोपणका लागि स्थान छनौंट, निजी वन दर्ता प्रक्रिया, विरुवा वितरण योजना तथा जैविक चौतारी कार्यक्रममार्फत वन संरक्षणका विषयमा छलफल भइरहेको उल्लेख गरे ।

वन क्षेत्रबाट हालसम्म २२ जनालाई २९५९.२१ क्यू. फिट काठ तथा २१ व्यक्ति/संस्थालाई ८७.७० चट्टा दाउरा वितरण गरिएको छ । काठ तथा दाउरा विक्रीबाट ४७ लाख ६ हजार १०६ रुपैयाँको कारोबार भएको उनले जानकारी गराए । वन्यजन्तु उद्धारमा डिभिजन वन कार्यालयले अहिलेसम्म १२ वटा अजिङ्गर, ८१ वटा विभिन्न प्रजातिका सर्प, १ वटा मगर गोही, १ चितुवा, २ चितल, १ ब्राहसिगे, १ भाले रतुवा र १ सुन गोही गरी जम्मा १०० जनावर उद्धार गरिसकेको छ । सो कार्यक्रममा बाँके जिल्लाका विभिन्न सञ्चारमाध्यमका पत्रकार तथा वन कर्मचारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## १० औं राष्ट्रिय...

प्रदेश सरकारले राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि रंगशाला लगायतका कामहरुलाई पहिलेदेखि नै तीव्र गतिमा अगाडी बढाइरहेको बताउँदै मुख्यमन्त्री कँडेलले प्रतियोगिता सफल पार्न प्रदेश सरकारले आफनो जिम्मेवारी पुरा गर्ने बताए । उनले भने ‘यो प्रतियोगितको मुख्य आयोजक संघीय सरकार भएकोले तपाईहरुले ढंग पुऱ्याउनुहोला, हामी सहआयोजक भएको नाताले हामीलाई तोकिएको जिम्मेवारी हामीले पुरा गर्छौं ।’ प्रतियोगिताको लागि निर्देशिका बनाउने कुरामा पनि मुख्यमन्त्री कँडेलले खेलकुद मन्त्रालयले समन्वय नगरेको बताए । उनले भने, ‘प्रदेश सरकार पनि सामेल हुने निर्देशिका रहेछ, निर्देशिका बनाउँदा हामीलाई पनि सामेल गराएको भए अझ राम्रो हुने थियो, तर जे बनाउनु भएको छ त्यसमा हाम्रो जिम्मेवारी पूरा गर्छौं ।’

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री चित्र बहादुर तारम धनी रहेको, दर्ता नम्बर ४०६६/०७४/०७५ बाट गुर्भाकोट न.पा-१३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री तारम बाख्रा पालन फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।













**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।